मिति २०८२।०९।२५ गते

सोह्रौं नगर सभाबाट भएका निर्णयहरु

प्रस्ताव तथा निर्णयहरु:-

१. मिति २०८२।०४।०१ गते देखि हाल सम्मका कार्यपालिका वैठकबाट भएका निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा ।

२. पन्ध्रौं नगर सभाबाट स्वीकृत भएका केही योजना तथा बजेटहरु नगरपालिकाको आवश्यकताको आधारमा संशोधन तथा परिमार्जन गर्नुपर्ने भएकोले श्रीमान् नगर प्रमुख मार्फत पेश भएका अनुसुची-१ मा उल्लेखित योजना/बजेटहरु संशोधन तथा परिमार्जन गर्ने सम्वन्धमा ।

३. पन्ध्रौं नगर सभाबाट स्वीकृत भएका केही योजना तथा बजेटहरु नगरपालिकाको आवश्यकताको आधारमा संशोधन तथा परिमार्जन गर्नुपर्ने भएकोले सम्वन्धित वडाका वडाध्यक्ष मार्फत पेश भएका अनुसुची-२ मा उल्लेखित योजना/बजेटहरु संशोधन तथा परिमार्जन गर्ने सम्वन्धमा ।

४. ऐन पारित गर्ने र कार्यविधि अनुमोदन गर्ने सम्वन्धमा ।

५. अधिकार प्रत्यायोजन सम्वन्धमा ।

६. विभिन्न करार तथा ज्यालादारी कर्मचारीको छनौट र भुक्तानी सम्वन्धमा ।

७. नगरपालिका तथा वडा कार्यलयबाट भएको कार्यक्रम तथा योजनाको प्रक्रिया तथा खर्च अनुमोदन सम्वन्धमा ।

८. चालु आ.व. भन्दा ३ आर्थिक वर्ष अगाडी सम्झौता भई दायित्व सार्न छुट भएका योजनाहरु सम्बन्धमा ।

९. करार कर्मचारीको म्याद थप र तलब बृद्दि सम्वन्धमा ।

१०. १० लाख माथिका योजनाहरू संचालन सम्बन्धमा ।

११. विमा रकम उपलब्धताका आधारमा सवारी साधन खरिद गर्ने सम्वन्धमा ।

१२. भवन अभिलेखिकर र अभिलेखिकरण भएको भवनको अभिलेखिकरण गर्न म्याद थप सम्वन्धमा ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८२।०९।२५ गते

<u>निर्णयहरु</u>

१. निर्णय नं. १ यस हरिपुर नगर कार्यपालिकाको मिति २०८२ श्रावण १ गते देखि मिति २०८२ पुष २१ गते सम्मको वैठकहरुको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

२. निर्णय नं. २ यस हरिपुर नगरपालिकाको पन्ध्रौ नगर सभाबाट स्वीकृत भएका केही योजना तथा बजेटहरु नगरपालिकाको आवश्यकताको आधारमा तथा जेनजि आन्दोलनवाट क्षतिग्रस्त प्रशासनिक भवन, वडा कार्यालय भवन, र कार्यालय स्तानतरणका लागि आवश्यक सामाग्री खरिद गरि सेवा प्रवाह गर्न चाहिने सम्पूर्ण कार्यहरु गर्नको लागि योजना संशोधन तथा परिमार्जन गर्नुपर्ने भएकोले श्रीमान् नगर प्रमुख मार्फत पेश भएका अनुसुची-१ मा उल्लेखित योजना/वजेटहरु संशोधन तथा परिमार्जन गर्ने निर्णय गरियो ।

३. निर्णय नं. ३ यस हरिपुर नगरपालिकाको पन्ध्रौं नगर सभावाट स्वीकृत भएका केही योजना तथा वजेटहरु नगरपालिकाको आवश्यकताको आधारमा संशोधन तथा परिमार्जन गर्नुपर्ने भएकोले सम्वन्धित वडाका वडाध्यक्ष मार्फत पेश भएका अनुसुची-२ मा देहायमा उल्लेखित योजना/वजेटहरु संशोधन तथा परिमार्जन गर्ने निर्णय गरियो ।

४. निर्णय नं. ४ यस नगरपालिकाको देहाय बमोजिमको ऐन पारित गरी स्वीकृत गर्ने र मिति २०८२ श्रावण १ गते देखि नगर कार्यपालिकाको वैठकबाट स्वीकृत भएको देहायका कार्यविधिहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

<u>कार्यविधि</u>

१. पुर्व निर्मित भवन नियमित तथा अभिलेखिकरण कार्यविधि, २०८२

२. शिक्षक दरबन्दी मिलान सम्बन्धी कार्यविधी २०८२

३. हरिपुर नगरपालिकाको बजार व्यवस्थापन समिति गठन तथा परिचालन कार्यविधि, २०८२

४. सुरक्षित आप्रवासन (सामी) कार्यक्रमको समुदाय अभिमुखिकरण निर्देशिका

मिति २०८२।०९।२५ गते

ऐन

१. सहकारी ऐन, २०७६ को परिच्छेद-२ को दफा ४ मा दर्ता नगरी सहकारी संस्था संचालन गर्न नहुने : कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी स्थापना तथा सञ्चालन गर्न हुदैन । यस अघि नियमानुसार दर्ता भै संचालनमा रहेका सहकारीहरुले यस कानून लागु भए पश्चात नगर कार्यपालिकाबाट तोकिएको दस्तुर बुझाइ एक पटक नगरपालिकामा सूचिकृत भई प्रत्येक वर्ष नगरपालिकाको नियमानुसार दस्तुर बुझाई सुचिकृत/नवीकरण गर्नु पर्नेछ ।

५. निर्णय नं. ५ यस नगरसभाले निर्णय गर्ने भनी प्रचलित कानूनमा किटान भएका विषय बाहेक नीति तथा कार्यक्रम, योजना, मापदण्ड, बजेट संशोधन (थपघट) र अत्यावश्यक बाधा अडकाउ सम्वन्धी कार्यको लागि तत्काल नगरसभाको बैठक बस्न नसक्ने भएमा त्यस्ता निर्णयहरु गर्न सक्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

६. निर्णय नं. ६ चालु आ.व. २०८२।०८३ मा यस नगर कार्यपालिकाको कार्यालयवाट करार सेवा, ज्यालादारी, सेवा करार लगायत अन्य विविध विषयमा सम्झौता गरी कर्मचारीहरुलाई कामकाज गर्न लगाउन अपनाइएको प्रक्रिया, भुक्तानी भएको रकम तथा भए/गरेको सम्पुर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

७. निर्णय नं. ७ चालु आ.व. २०८२।०८३ मा नगर कार्यपालिका, नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा नगर कार्यपालिकाको कार्यालयवाट भए गरेको सवै प्रकारका निर्णय, आदेश एवं काम कारवाही एवं खर्चहरु अनुमोदन गर्ने साथै सोही अवधिमा वडा समिति, वडाध्यक्ष एवं वडा कार्यालयको सिफारिस बमोजिम गरिएका योजनाहरु तथा सवै खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

८. निर्णय नं. ८ चालु आ.व. भन्दा ३ आर्थिक वर्ष अगाडी सम्झौता भई दायित्व सार्न छुट भएका योजनाहरु कार्य सम्पन्न भई भुक्तानी माग गरेकोले नगरसभाबाट रकम विनियोजन गरि प्राविधिक मूल्याँकन बमोजिम भुक्तानी गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

९. निर्णय नं. ९ यस हरिपर नगरपालिका अन्तर्गत रहेका सम्पुर्ण शाखामा कार्यरत करारका कर्मचारीहरुको म्याद थप र तलव बृद्दि गर्ने अधिकार नगर कार्यपालिकालाई दिने निर्णय गरियो ।

मिति २०८२।०९।२५ गते

१०. निर्णय नं. १० नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२।०६।०५ को निर्णय एंव अर्थ मन्त्रालयको मिति २०८२।०६।०७ को प्रेस विज्ञप्तिको बुँदा नं १४ मा उल्लेख भएको विषय हाल कार्यान्वयन नगर्नु भन्ने सम्मानित सर्वोच्च अदालतको मिति २०८२ कार्तिक २३ गते जारि आदेश साथै सार्वजनिक खरिद ऐन २०६३ ले उपभोक्ता समिति मार्फत कार्य गराउने विषयलाई एउटा खरिद विधिको रूपमा अंगिकार गरि दफा ४४ ले उपभोक्ता समितिबाट काम गराउन सकिने व्यवस्था भएको र सोही ऐनको दफा ७४ ले दिएको अधिकार प्रयोग गरी बनेको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार एक करोड रूपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सोसम्वन्धी सेवा सोही स्थानमा वसोवास गर्ने बासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति मार्फत गराउन र प्राप्त गर्न सकिने स्पष्ट कानुनी व्यवस्था रहेकोले यस नगरपालिकाको आ.व २०८२।२०८३ को स्विकृत नगर विकास योजनामा समावेश भएका १० लाख माथिका योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गर्ने निर्णय गरियो र सो सम्वन्धमा अन्य आवश्यक निर्णयको अधिकार कार्यपालिकालाई दिने निर्णय गरियो ।

११. निर्णय नं ११ जेनजि आन्दोलनको क्रममा क्षति भएको सवारीसाधनको विमावाट रकम उपलब्धताको आधारमा आवश्यक सवारीसाधन कार्यपालिकाको निर्णयको आधारमा खरिद गर्ने निर्णय गरियो।

१२. निर्णय नं. १२ यस हरिपर नगरपालिका अन्तर्गत पुरानो तथा हाल सम्म निर्माण भएका घर भवनहरुको अभिलेखिकरण नगर्ने घरधनीहरुलाई मिति २०८३ असार मसान्त भित्र यस नगरपालिका अन्तर्गत रहेका घर भवनहरु अभिलेखिकरण गर्ने र अभिलेखिकरण भएका भवनहरुको थप भवन तल्ला अभिलेखिकरण गर्न मिति २०८३ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।